११औं वार्षिक साधारणसभा

२०८० मंसिर १८ गते

# वार्षिक प्रतिवेदन

दर्ता नं.: ३/१/७(६४२)०६९/०७०

# आबद्ध

## बचत तथा ऋण सहकारी संस्था लि.

AABADDHA SAVING & CERDIT CO-OPERATIVE LTD.

# वार्षिक प्रगति प्रतिवेदन

## ०७९/०८०

बिर्तामोड-५, जात्रुबाडी, झापा

सेवाकेन्द्र अर्जुनधारा-९, गोलधाप, झापा

०२३-५३५३९५, ०२३-४६५०८२

# सल्लाहकार समिति



श्री अच्युत दाहाल
संयोजक



श्री निर्मल भट्टराई
सदस्य



श्री वेदान्त ठकुरी
सदस्य



श्री दशरथ पराजुली
सदस्य



श्री दशरथ हुमागाई (देवेन्द्र)
सदस्य



श्री नारायणप्रसाद चिमरिया
सदस्य



श्री राजेन्द्र मैनाली
सदस्य

# संचालक समितिको नामावली



श्री नन्दमान भट्टराई (नरेस)
अध्यक्ष
९८५२६७३९४९
९८०१४०९९८८



श्री राजन वाग्ले
उपाध्यक्ष
९८५२६७४३४७



श्री खगेन्द्र कुवँर (क)
सचिव
९८५२६७७८०४



श्री शान्ता विष्ट
कोषाध्यक्ष
९८१७०१८३३३



श्री हृदयकुमारी संग्रौला
सदस्य
९८०४९१५५३३



श्री चिरञ्जिवी सिग्देल
सदस्य
९८४२७५०६५३



श्री रुपमाया राई (दाहाल)
सदस्य
९८४२६४०६८२



श्री टेकबहादुर तामाङ्ग
सदस्य
९८४२६३३३२७



श्री नरेन्द्र न्यौपाने स्वत्री
सदस्य
९८४२६७०३४०



श्री गौरीप्रसाद भण्डारी
सदस्य
९८५२६७७०७१



श्री खड्गबहादुर विष्ट
सदस्य
९८५२६२४७३८

## लेखा समिति



श्री सिर्जना खतिवडा
संयोजक



श्री सहनलाल राजवंशी
सदस्य



श्री गोपाल चौहान
सदस्य

## सेवा केन्द्र संचालक समिति



गौरीप्रसाद भण्डारी
संयोजक
९८५२६७७०७१



सन्तोष चिमरीया
सदस्य
९८४२७७४४२४



खेम दाहाल
सदस्य
९८०१४५८२६२



दिपक बुढाथोकी
सदस्य
९८१६०१३५२६



देवेन्द्र मैनाली
सदस्य
९८०७९८०२८८

## सेवा केन्द्र सल्लाहकार समिति



नरेन्द्र राई
संयोजक



यामबहादुर इङ्नाम
सदस्य



खेम राज खरेल
सदस्य

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५०००८३६

☎ 023-535395 ✉ aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध
# बचत तथा ऋण सहकारी संस्था लि.
# AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

प.सं. २०८०/०८१
च.नं. १९८

मितिः २०८०/०७/२३

श्री.........................................................................ज्यू,
शेयर सदस्य, आबद्ध बचत तथाऋण सहकारि संस्था लि.
विर्तामोड-५,जात्रुबाडी,झापा

**विषयः- ११ औं वार्षिक साधारण सभामा उपस्थित भईदिने बारे ।**

उपरोक्त सम्बन्धमा यस आबद्ध बचत तथाऋण सहकारि संस्थाको मिति २०८० कार्तिक १८ गते शनिबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको ११ औँ वार्षिक साधारण सभा तपशिलका विषयमा छलफल तथा निर्णयका लागि सहकारी विभागको सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धी जारी निर्देशिका बमोजिम यो साधारण सभा सम्पन्न गर्नुपर्ने भएको हुँदा तपशिलको समय र स्थानमा सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने
मिति : २०८०/०८/१८गते सोमबार
समय : विहान १०:०० बजे
स्थान : शिवसताक्षी-१०,दोमुखा (पर्यटकीय क्षेत्र )

**यातायातको व्यवस्था गरिएको हुँदाआफ्नो क्षेत्रमा आउने बजार प्रतिनिधी सँग सम्पर्क गर्नुहोला ।**

**साधारण सभामा छलफलहुने विषयहरु** :

१ सञ्चालक समितिको तर्फबाटआ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
२ आ.व. २०७९/८० को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
३ आ.व. २०७९/८० को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
४ अन्यकोषहरूको रकम जगेडा कोषमा स्थानान्तरण गर्ने सम्बन्धमा ।
५ संस्थाको आगामीआ.व. २०८०/८१ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी अनुमोदन/पारित गर्ने सम्बन्धमा ।
६ आ.व.२०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ कार्यविधि हरू स्विकृत गर्ने, अनुमोदन गर्ने, तथा संसोधन गर्ने सम्बन्धमा ।
८ निर्णय पुस्तिकामा हस्ताक्षर गरि निर्णय गर्नको लागि शेयर सदस्यहरू मध्येबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
९ शेयर सदस्यज्युहरू लाई लाभांशवितरण गर्ने सम्बन्धमा ।
१० संस्थाको विनियम २०६९ पुनःलेखन सम्बन्धमा ।
११ विविध ।

नोट : संस्थाले सदस्यका सन्ततिहरू मध्ये SEE मा उत्कृष्ट अंकल्याई उतिर्ण हुने निजी र सरकारी विद्यालयबाट एकएकछात्र र एकएकछात्रालाई सम्मान गर्ने भएको हुँदातपाईका नानीहरू पनि त्यसका लागि दावेदार भएमा लब्धाङ्क पत्र, निवेदन र एक प्रतिफोटो सहितमिति २०८०।०८।१० गते सम्ममा संस्थाको कार्यलयमा बुझाउनुहुन अनुरोध छ ।

.....................
अध्यक्ष
नन्दमान भट्टराई (नरेश)

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-535395 aabadhacoop@gmail.

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

# AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

**११ औं वार्षिक साधारण सभा २०८० साल मंसिर १८ गते सोमबार**

**कार्यक्रम सूची**

**साधारण सभा उद्घाटन समारोह**

१. उद्‌घोषण
२. आशन ग्रहण :

२.१.१. सभापति
२.१.२. प्रमुख अतिथि :
२.१.३. विशिष्ट अतिथिहरू
२.१.४. अतिथिहरू
२.१.५. पत्रकारहरू
२.१.६. सञ्चालक समितिका पदाधिकारीहरू
२.१.७. शेयर सदस्यहरू
२.१.८. अन्य आमन्त्रित व्यक्तित्वहरू
३. राष्ट्रिय गान
४. मौनधारण
५. प्रमुख अतिथिबाट व्यानर वाचन गरेर सभाको समुद्‌घाटन
६. स्वागत कार्यक्रम तथा कार्यक्रम माथि प्रकाश पार्ने
७. सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रगती प्रतिवेदन तथा अगामी कार्यक्रम
८. लेखा समितिको तर्फबाट आ.व.२०७९/०८० को लेखा प्रतिवेदन प्रस्तुत
९. शुभकामना मन्तव्य
१. २.
१०. पुरस्कार तथा सम्मान (उत्कृष्ट व्यक्तिहरूलाई)
११. शुभकामना मन्तव्य
१. २. ३. ४.
१२. प्रमुख अतिथिको मन्तव्य
१३. सभापतिबाट उद्‌घाटन समारोहको विसर्जन
१४. चियापान
१५. अतिथिहरूको विदाई

**बन्द सत्र**

१. आसन ग्रहण
२. गणपूरक संख्याको घोषणा
३. अध्यक्षद्वारा भावी कार्य योजना बजेट प्रस्तुत
४. माइन्युट लेखन व्यक्तिको चयन
५. प्रस्तुत भएका सम्पूर्ण प्रतिवेदनमाथि शेयर सदस्यहरूको धारणा तथा प्रस्तावहरूलाई प्रस्तुत र निर्णय
६. पारित निर्णयहरूलाई सार्वजनिक गर्दै सभाध्यक्षबाट सभा विसर्जन

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-535395 aabadhacoop@gmail.

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

# AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

**११ औं वार्षिक साधारण सभा २०८० साल मंसिर १८ गते सोमबार**

**सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०८०**

यस एघारौं वार्षिक साधारण सभाका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, विभिन्न संघसंस्थाबाट पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधि ज्यूहरू, यस संस्थाका संचालक तथा लेखा समितिका संयोजक तथा सदस्य ज्यूहरू, शेयर सदस्य ज्यूहरू, ऋण तथा लेखा उप-समितिका संयोजक ज्यूहरू तथा सदस्य ज्यूहरू, सल्लाहकार ज्यूहरू,टोल समितिका पदाधिकारी ज्यूहरू, कर्मचारी साथीहरू एवम् पत्रकार मित्रहरूमा मेरो व्यक्तिगत र संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

आदरणीय महानुभावहरू,

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. २०६९ साल साउन २ गते सहकारी ऐन, २०४८ अन्तर्गत विधिगत दर्ता भई, सहकारीका मूल्य तथा सिद्धान्त अनुरुप क्रियाशिल रही आफ्ना सदस्यहरूलाई छिटो सरल र सुविधा जनक सेवा पुऱ्याउँदै आज हामी एघारौँ सम्मानित वार्षिक साधारण सभा पूरा गर्न गई रहेका छौं । हामी यस वर्षलाई पनिस्थायित्व, योजना विकास एवम् निति निर्माण तथा गुणस्तर बृद्धिको चरण को रूपमा संस्थाले आफ्ना कार्यहरू गर्ने कुराको जानकारी गराउँदछु ।

सहकारी संस्थाका प्रत्येक शेयरधनीहरूले सहकारी सम्बन्धी अधिकतम् जानकारी राख्नु पर्छ । यसपाली सहकारि क्षेत्रले मात्र नभई सम्पुर्ण वित्तिय क्षेत्रले नै वित्तिय संकट तथा तरलताको समस्या भोग्नुपऱ्यो । यस्तो संकटको समयमा अन्य थुप्रै सहकारीहरूले दिनानुदिन बचत फिर्ता गर्न नसकेको, दैनिक कारोबार गर्न नसक्ने भई बन्द रहेको तथा सहकारिका सञ्चालक तथा कर्मचारिको बदनियतका कारण सहकारि माथि नै प्रश्न चिन्ह खडा रहने अवस्था रहेको परिस्थितीमा सदस्यहरूले गर्नुभएको माया, सद्भाव र विश्वासका कारण हाम्रो संस्थाले कुनै दिन सदस्यलाई बचत फिर्ताको लागि रोक्नु परेको छैन, यस्तो समस्यालाई सहजताका साथ सामना गर्दै निरन्तर सदस्यहरूलाई ऋण प्रवाह गरि सदस्यको वित्तिय समस्याको समाधान गर्न पाउनु हामी सम्पुर्ण सदस्य तथा आबद्ध परिवारको लागि
गौरवको कुरा हो ।

यसरि आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विगत ११ वर्षको अनुभवमा आजको दिनसम्म नियाल्दा थुप्रै सहकारिहरूको भिडमा यस संस्थाले यसरि सबल तरिकाले कारोबार गरिरहनुमा शुभ चिन्तक शेयर सदस्यहरू र बचतकर्ताहरूको साथ, विश्वास र भरोसा महत्वपुर्ण रहेकोले हामी निरन्तर अगाडि बढिरहेका छौं । सहकारीका मुल्य, मान्यता, सिद्धान्तमा रहेर संस्थाका आफ्नो सदस्यहरूको हित अनुकूल बचत तथा ऋणलाई सही तरिकाले परिचालन गर्दै संस्थालाई सबल र सदस्यको रोजाईको सहकारि बनाउनु नै हाम्रो लक्ष्य हुन गएको छ । संस्थाले

छोटो समयमा नै आफ्ना सदस्यहरूलाई संस्था प्रतिको अपनत्व बृद्धि गर्दै अझ शेयर सदस्यहरूको विश्वासलाई फराकिलो बनाउन, सदस्यहरूको भविस्यको सहारा बनाउन र सदस्यहरूको दुःखःसुखमा उपस्थित हुन र संस्थालाई कुशल तरिकाले सञ्चालन गर्नका लागि आवश्यक पर्ने निती नियम, कार्यविधिहरू बनाई नवीनतम सोचका साथ अगाडि बढि राखेका छौं।

उपस्थित महानुभावहरू, अब म यस आर्थिक वर्ष २०७९/०८० को संस्थाको वित्तिय कार्य प्रगति विवरण यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | गत बर्ष | यस बर्ष | बृद्धि | बृद्धि % |
|---|---|---|---|---|---|
| १ | शेयर सदस्य | २०९४ | २५३४ | ४४० | २१ |
| २ | शेयर रकम | २,५४,७०,४०० | २,७१,६०,३०० | १६,८९,९०० | ६।६३ |
| ३ | जगेडा कोष | १,०५,८१,३७७ | १,५९,५४,७४३ | ५३,७३,३६६ | ५०।७८ |
| ४ | योगदानमा आधारित अन्य कोषहरू | १,३९,९६,३१० | १,९१,६४,५१५ | ५१,६८,२०५ | ३६।९३ |
| ५ | कुल कोष | ३,३०,७१,२७० | ४,२८,०२,६६४ | ९७,३१,३९४ | २९।४३ |
| ६ | बचतमा रहेको रकम | १०,४९,८९,८१५ | १४,७४,१९,६०६ | ४,२४,२९,७९१ | ४०।४१ |
| ७ | बैंक | २०३४४६०९ | ४२९५०६८२ | २२६०६०७३ | १११।११ |
| ८ | ऋण लगानी | २०,६८,७१,३५९ | २०,४६,९६,१०० | (२१,७५,२५९) | (१।०५) |
| ८ | खुद नाफा (कर पछिको) | ९८,४९,५३१ | १,२०,६४,८२४ | २२,१५,२९३ | २२।५ |

**१) शेयर सदस्य विस्तार :**

गत वर्ष सम्म कुल सदस्य संख्या २०९४ रहेकोमा यस आ.बमा ४४० सदस्य बृद्धि भई यस आ.ब.को अन्त्य सम्ममा महिला १११२, पुरूष १४२० संस्थागत सदस्य २ वटा गरि जम्मा २५३४ सदस्य विस्तार गरेको छ ।सदस्यता विस्तारको क्रम निरन्तर अघि बढिरहनेछ ।

**२) शेयर पुँजी:**

सहकारी संस्थाको मेरूदण्ड नै शेयर पूँजी हो । शेयर तथा बचत परिचालन गरेर संस्थाले आफ्ना व्यवसायीक क्रियाकलाप सञ्चालन गरेको हुन्छ । २०६९ सालमा प्रति सदस्य रू. ३०,०००।- का दरले ५८ सदस्यको रू.१७,४०,०००/- (सत्र लाख चालिस हजार) बाट शुरू भएकोमा गत वर्ष सम्ममा रू. २ करोड ५४ लाख ७० हजार ४ सय हुदैं यस वर्ष सम्म आईपुग्दा २ करोड ७१ लाख ६० हजार ३ सय रहेको छ ।

**३) निक्षेप संकलन तथा फिर्ता :**

आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा संस्थामा सदस्यहरूको जम्मा निक्षेप रू. १० करोड ४९ लाख ८९ हजार ८ सय पन्ध्र मात्र भएकोमा यस आर्थिक वर्षभर कारोबार भई रू. ४ करोड २४ लाख २९ हजार ७ सय एकानब्बे ले बचत बृद्धि भई असार मसान्त सम्ममा जम्मा रू. १४ करोड ७४ लाख १९ हजार ६ सय छ मात्र सदस्यहरूको निक्षेप संस्थामा भएको समेत निवेदन गर्दछु ।

## ४) कर्जा लगानी:

ऋण लगानी जोखिमपूर्ण छ । विना धितो झन जोखिमपूर्ण हुने भएकोले संस्थाले धितो ऋणलाई प्राथमिकता दिएको सबैलाई जानकारी नै छ । यस जोखिम अवस्थामा आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा संस्थामा सदस्यहरूमा जम्मा ऋण लगानी रू. २० करोड ६८ लाख ७१ हजार ३ सय उनसाठी रूपैँया भएको मा यस आ.व.मा कर्जा लगानी मा संकुचन भई हाल रू. २० करोड ४६ लाख ९६ हजार १सय रूपैँया संस्थाले सदस्यहरूमा कर्जा लगानी गरेको छ । कर्जा जोखिम न्युनीकरणका लागि कर्जा नीति समय सापेक्ष बनाई जोखिम हुन नदिन झन प्रभावकारी नियम अवलम्बन गरिने जानकारी पनि गराउन चाहन्छु

## ५) सञ्चालन तथा मुनाफाको स्थिति:

यस संस्थाले आर्थिक वर्ष २०७९/०८० मा रू. ३ करोड ६० लाख ३९ हजार ६ सय उनासि रूपैया आम्दानी गरे को छ । जसबाट सञ्चालन तथा व्याज खर्च, ह्रासकट्टि खर्च लेखाई खराब कर्जा र अन्य दायित्व व्यवस्था गरी बचेको कर पछिको खुद सञ्चालन मुनाफा रू. १ करोड २० लाख ६४ हजार ८ सय चौबिस रूपैया संचालन मुनाफा रहेको जानकारी पनि यस सम्मानित सभामा गराउन चाहन्छु ।

## ७) वेवसाईट निर्माण :

संस्थाको सुचनाहरू प्रदान गर्न तथा गतिविधीहरू सदस्य एवम् सरोकारवाला माझ पुऱ्याउनका लागि www.aabaddha.com.np URL भएको वेवसाईट बनाई नियमित सञ्चालनमा आएको छ । संस्थाका आधिकारिक जानकारि तथा सुचनाहरू सँगै गतिविधीका लागि वेबसाईट हेर्न सकिनेछ ।

## ८) कर्मचारी व्यवस्थापन :

हाल संस्थामा १६ जना कर्मचारीहरूद्वारा सदस्यमैत्री सेवा प्रवाह गरिरहेको जानकारी गराउन चाहान्छु । कर्मचारीहरूको पारिश्रमिक समयसान्दर्भिक हुने गरि २/२ बर्षमा बृद्धि गर्ने गरेको र यस बर्ष कर्मचारिहरूको तलब बृद्धि भएको र कर्मचारिहरूको कार्यक्षमता र अनुभवको आधारमा बढुवा गरिदै आएको र कर्मचारी सेवा विनियमावली तपशिल बमोजिम कर्मचारि दरबन्दि रहेको र यस आब मा आवश्यकता अनुसार निम्न दरबन्दि थप स्विकृतका लागि समेत यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

| स्तर | तह | श्रैण | हाल कायम दरबन्दि | थप दरबन्दि | थप पछि हने दरबन्दि |
|---|---|---|---|---|---|
| प्रबन्धक | ८ | द्वितिय | १ | | १ |
| बरिष्ठ सहायक | ६ | तृतिय | १ | | १ |
| सहायक | ५ | द्वितिय | १ | १ | २ |
| सहायक | ५ | तृतिय | १ | २ | ३ |
| कनिष्ट सहायक | ४ | | ४ | २ | ६ |
| बजार प्रतिनिधी /कार्यलय सहयोगी | ३ | द्वितिय | ४ | | ४ |
| बजार प्रतिनिधी /कार्यलय सहयोगी | ३ | तृतिय | ४ | १ | ५ |
| जम्मा | | | १६ | ६ | २२ |

**९) टोल समितिहरू निर्माण :**

संस्थाका सदस्यहरू जति संस्थाका बारेमा जानकार हुन्छन् त्यति नै संस्था सबल सुरक्षित बन्न सक्छ भन्ने कुराको मनन गर्दै संस्थाले २५ देखि ३० वटा टोल समिति निर्माण गर्ने र टोल समिति मार्फत सदस्यहरूलाई सुसुचित गर्ने उद्देश्य राखी १६ वटा टोल समिति गठन गरि सकेको छ । यसरी कार्यक्षेत्र भित्र टोल समिति गठनले संस्थाको बारेमा, संस्थाको सेवा सुविधाको बारेमा सदस्यहरूलाई जानकारी प्रदान गर्ने साथै संस्थाप्रतिको भरोसा बढाउन महत्वपूर्ण भूमिका खेल्ने भएकोले गठन हुन बाँकी टोलहरूमा समेत यस आ.व.मा टोल समितिहरू गठन गर्ने कुराको जानकारी गराउदछु ।

**१०) बृहत स्वास्थ्य शिविर सम्पन्न**

संस्थाले गत आ.ब. मा संस्थाको सेवाकेन्द्र नजिकै रहेको भुवनेस्वर मन्दिरमा १ दिने स्वास्थ्य शिबीर सम्पन्न गरेको थियो । स्थानीय गोलधाब युवा समूह र खरबंदी युवा समूहले सहकार्य गरेको शिविरमा रक्तदान, आँखा शिविर, दन्त शिविर र फिजीसीयन सेवा रहेको थियो । कार्यक्रममा ३२ जनाले रक्तदान गरेको थिए भने १५६ जना आँखाका बिरामी, ५६ जना दाँतका समस्या भएका बिरामी र ९८ जना ले फिजीसीयन सेवा लिएका थिए ।

**११) उपचार राहत, समबेदना, सदस्य राहत तथा निशुल्क शववाहन कार्यक्रम**

संस्थामा नियमित कारोबार गर्ने सदस्यहरूको मेजर अपरेसन तथा प्राणघातक रोग लागेमा उपचार राहत को षबाट चार जना सदस्यलाई रू. ५५०००, उपचार खर्च,महिला सदस्य ५ जनालाई रू.५००० का दरले रू २५०००।- सुत्केरी भत्ता, पसल आगलागि भएको एक जना सदस्यलाई रू. १०,०००।- सहयोग प्रदान गरिएको थियो त्यस्तै सदस्यको परिवारका सदस्यको निधन हुँदा प्रदान गरिने राहत कोष मार्फत यस बर्ष जम्मा रू. ७९,५००।- प्रदान गरिएको थियो भने १६ जना सदस्यहरूको एकाघर परिवारका सदस्यको निधनपछि समवेदना कार्यक्रममा संस्थाको तर्फबाट सदस्यको घरसम्म उपस्थिती भएको जानकारि गराउँछु । सदस्य तथा परिवारका सदस्यको निधन हुँदा निशुल्क शववाहन सेवा उपलब्ध गराउँदै आएको पनि जानकारी गराउन चाहान्छु ।

उपस्थित शेयर धनी महानुभावहरू,

सम्पुर्ण सदस्यहरूको संस्थाप्रतिको भरोसा, माया र सहयोगका कारणले गत वर्षको तुलनामा सवै कोष तथा सूचांकहरू उच्च बृद्धिदरका साथ वृद्धि भएका छन् । यसरी संस्थाको वित्तीय विश्लेषण गर्दा संस्थाले उत्साहजनक उपलब्धि हासिल गरेको छ । जुन कुराको लेखा समिति प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदनले पनि पुष्टि गरेको छ ।यसरि वित्तिय विवरण राम्रो हुँदै जानुमा सदस्यको मुख्य भुमिका रहन्छ, सदस्य ज्यूहरूको साथ, सहयोग, भरोसाका साथसाथै संस्थामा भएका उत्प्रेरित कर्मचारि, संस्थाको मजबुद वित्तिय संरचना, विज्ञहरूको उचित राय सल्लाह आदिका कारण संस्थालाई छुट्टै पहिचान सहितको अब्बल संस्था बनाउन हामी कटिबद्ध छौँ । संस्था संचालनमा सञ्चालक समिति को भुमिका अनिवार्य र अति महत्वपुर्ण हुन्छ । संस्थाका संचालनको लागि समयसमयमा विविध निणर्यहरू गर्नुपर्ने हुन्छ, कतिपय निर्णयहरू तत्काल गरिएन भने संस्था संचालनमा समस्या उत्पन्न हुन्छ तसर्थ हाम्रो संचालक समितिको बैठक मासिक नियमित एउटा बैठक अनिवार्य बस्छ, भने आवस्यकता अनुसार आकस्मिक बैठक बसेर समेत समयमा नै निर्णय गरि दैनिक कार्य सञ्चालनमा सहजता प्रदान गरिरहेको छौँ ।

यस आर्थिक बर्ष भरमा संचालक समितिका नियमित बैठक १२ वटा बसिए भने आकस्मिक बैठक पनि १२ वटा नै गरि जम्मा २४ वटा बैठक बसेका छौँ जसमा संचालक समितिको सक्रियता तपशिल बमोजिम रहेको छ । मासिक बैठक जतिपटक बसेपनि संचालक समिति र व्यवस्थापकले पाउने बैठक भत्ता नियमित बैठक बापतको मासिक १००० बाट १५० कर काटि रू. ८५० मात्र रहेको पनि यस सम्मानित सभामा जानकारि गराउन चाहान्छु ।

| सि.न. | नाम थर | पद | उपस्थीत संख्या | सि.न. | नाम थर | पद | उपस्थीत संख्य |
|---|---|---|---|---|---|---|---|
| १ | नन्दमान भट्टराई | अध्यक्ष | २३ | ७ | रूपमाया राई | सदस्य | २२ |
| २ | राजन वाग्ले | उपाध्यक्ष | ५ | ८ | टेकबहादुर तामाङ | सदस्य | २२ |
| ३ | खगेन्द्र कुवँर | सचिव | २१ | ९ | नरेन्द्र न्यौपाने खत्रि | सदस्य | १९ |
| ४ | शान्ता विष्ट | कोषाध्यक्ष | २२ | १० | गौरि प्रसाद भण्डारी | सदस्य | १९ |
| ५ | हृदयकुमारि सङ्ग्रैला | सदस्य | २१ | ११ | खड्ग बहादुर विष्ट | सदस्य | १९ |
| ६ | चिरञ्जिवी सिग्देल | सदस्य | २१ | | | | |

यस संस्थाको दिगो विकास र प्रगतिको लागि जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ झापा तथा नेफ्स्कुन लगायतले समय-समयमा गरेको मार्ग-दर्शन तथा सुझाव प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि रचनात्मक सुझाव, सल्लाहहरूको अपेक्षा गर्दछु ।

अन्त्यमा यस संस्थाको निम्तो स्वीकार गरी आफ्नो व्यस्त समयलाई कटौती गरी उपस्थित भई दिनु भएका प्रमुख अतिथि, विशेष अतिथि र अतिथिज्यूहरू, यो एघारौं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाईदिनु भएकोमा यहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । संस्थाको हरेक जिम्मेवारीलाई पुरा गर्न निरन्तर लागि र हनु हुने संचालक समिति, विभिन्न उप-समिति, टोल समितिहरूर संस्थामा कार्यरत कर्मचारीहरूले दैनिक कार्यमा पुऱ्याएको योगदान तथा मेहनतप्रति धन्यवाद दिन चाहन्छु । साथै आजको कार्यक्रम सफल पार्न आ-आफ्नो जिम्मेवारी सहर्ष स्वीकारी पूरा गरी दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । आजको एघारौँ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०७९/८० को बार्षिक प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

नन्दमान भट्टराई (नरेश)
अध्यक्ष
आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-५, झापा

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com
NEFSCUN
आबद्ध
बचत तथा ऋण सहकारी संस्था लि.
AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

**११ औं वार्षिक साधारण सभा २०८० साल मंसिर १८ गते सोमबार**

**सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा वार्षिक कार्यक्रम, कार्य योजना र अनुमानित आम्दानी खर्च विवरण (बजेट)**

वार्षिक कार्यक्रम, कार्य योजना र अनुमानित आम्दानी खर्च विवरण (बजेट) २०८०

आदरणीय शेयर सदस्य तथा उपस्थित महानुभावहरू,

आज सम्पन्न हुन गइरहेको यस संस्थाको एघारौं वार्षिक साधारण सभामा पुनः यहाँहरू सबैलाई स्वागत गर्न पाउँदा खुसी लागेको छ । यस गरिमामय साधारणसभामा सबैको सकारात्मक सहयोग तथा आलोचना र सुझाव बाट हामी सबैलाई मार्ग दिर्नेशन हुनेछ, भन्ने कुरामा हामी विश्वस्त छौं । संस्थाले बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा अघिल्लो बर्षको वास्तविक उपलब्धिका आधारमा आ.व. २०८०/८१ को वार्षिक बजेट तर्जुमा गरिएको छ ।

## बजेट तथा कार्यक्रमको उद्देश्य

यस बजेट तथा कार्यक्रमको उद्देश्य संस्थाको बार्षिक कारोबार, आयव्यय, प्राप्ती भुक्तानी आदिको अनुमान गरि नाफा नोक्सानको लक्ष्य कायम गर्नु, सञ्चालक तथा व्यवस्थापनको निर्णय तथा कार्ययोजनालाई मार्गदर्शन गर्नु, हरेक समिति तथा कर्मचारीहरूलाई संस्थाको लक्ष्य प्राप्ती सम्बन्धि सामुहिक तथा व्यक्तिगत रूपमा जिम्मेवारी प्रदान गर्नु, समग्र संस्थाको आर्थिक सुचकाङ्क हरूको समिकरण मिल्ने गरि आर्थिक बृद्धिको लक्ष्य कायम गर्नु आदि रहेका छन् ।

## क) वार्षिक नीति तथा कार्यक्रम सम्बन्धी प्रस्तावहरू:

### १) सहकारी गतिविधिमा संलग्नता र सहकारी एकीकरण सम्बन्धमा :

सहकारी हितसम्बन्धी कुनैपनि योजना वा नीतिगत व्यवस्था भएका काम कार्वाहीमा सहकारी/सहकारी वीच आपसी सद्भाव कायम हुने र समय सापेक्ष सहकारीसँग सम्बन्धित कारोबारमा आवश्यक शेयर खरिद गरी सहकारी गतिविधिमा जानु पर्ने प्रस्ताव पेश गर्दछु । साथै सहकारी अभियानलाई उच्च स्तरमा राख्दै "एकका लागि सबै, सबै का लागि एक" नारालाई प्रत्याभुति गराउन सहकारी एकीकरण द्वारा यस संस्थाको तर्फबाट अन्य उपयुक्त सहकारी संस्थासँग एकीकरण कार्यको कामकारबाहि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्दछु ।

### २) जीवन बीमा सम्बन्धमा :

ऋणी सदस्यहरूलाई विगत वर्ष देखि कर्जा रकम अनुसारको जीवन विमा विभिन्न कम्पनि मार्फत गरिदै आएकोमा आवश्यक प्रक्रिया पुर्याई संस्थालाई सहज र सदस्य हितलाई ध्यानमा राखि जुनसुकै बिमा कम्पनि बाट पनि संस्थागत अभिकर्ता लिई यसलाई निरन्तरताका लागि प्रस्ताव पारित गरियोस् भनि प्रस्ताव पेश गर्दछु ।

**३) निष्क्रिय शेयर सदस्यहरू सम्बन्धमा** :

निस्कृय शेयर सदस्यहरूले सदस्यता मात्र ओगट्ने तर सहकारीको कुनैपनि कारोबार तथा कृयाकलापमा सहभागी नहुने भएकोले सदस्यता सम्बन्धी कार्यविधी अनुसार यस्ता शेयर सदस्यहरूले संख्यात्मक वृद्धि देखाएपनि गुणस्तर प्रदान नगर्ने भएकोले त्यस्ता शेयर सदस्यहरू आगामी कार्यसमिति तथा उपसमितिमा उम्मेद्वार हुन अयोग्य हुने र संस्थाले प्रदान गर्ने सेवा सुविधा र कार्यक्रमहरूबाट बञ्चित गरिने भएकोले सदस्य ज्यूहरूलाई नियमित बचत कारोबार मार्फत सक्रिय सदस्य भई संस्थाले राखेको लक्ष्य हासिलमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।संस्थाले सदस्यको सङ्ख्यात्मक बृद्धिभन्दा पनि गुणात्मक बृद्धिको निति लिएको छ तथापि यो आर्थिक वर्षमा सदस्य संख्या २५३४ बाट बृद्धि गरि ३००० पुऱ्याउने लक्ष्य लिईएको जानकारी गराउँदछु ।

**४) पुरस्कार तथा सम्मान**:

यस संस्थाले यससहकारीमा कारोबार गर्ने सदस्यहरूलाई विभिन्न विधामा उत्कृष्ट व्यक्तित्वहरूलाई क्रमैसँग बचतकर्ता, उत्कृष्ट कारोबार गर्ने सदस्य, गरिब तथा विपन्न सदस्य सहयोग, शिक्षा क्षेत्रमा शेयर सदस्यहरूको नानीहरूबाट संस्थागत र सामुदायिक विद्यालयबाटएस.ई.ई. मा उत्कृष्ट विद्यार्थी छात्र-२, छात्रा-२, बर्ष उत्कृष्ट कर्मचारी-१,स्थानिय पत्रकार मध्ये बाट १ जनाको पहिचान गरी सम्मान तथा पुरस्कृत गर्ने नीति लिई यसले निरन्तरता पाउने प्रतिबद्धता पनि  जाहेर गर्दछु ।

**५) तालिम व्यवस्था/शिक्षा तथा स्वास्थ्य गोष्ठी सम्बन्धमा** :

संस्थाको हक र हितलाई ध्यानमा राखी आवस्यकता र औचित्यको आधारमा समय-समयमासञ्चालकहरू कर्मचारीहरू तथा सदस्यहरूलाई तालिम/सहकारी शिक्षा कार्यक्रम, सहकारी भ्रमण अवलोकन तथा सदस्यहरूको बालबालिकालाई शिक्षा तथा स्वास्थ्य सम्बन्धित गोष्ठीको व्यवस्था गरि कार्यन्वयन गरिने छ ।

**६) विपन्न वर्गको बिमा कार्यक्रममा सहभागिता** :

सरकारले लिएको स्वास्थ्य बिमा कार्यक्रमबाट वञ्चित नहुन भन्ने उद्देश्यले संस्थाको कार्यक्षेत्र भित्रका विपन्न २५ परिवारको स्वास्थ्य बिमा वापतको ५० प्रतिशत रकम संस्थाले भुक्तानी गरि विपन्न परिवारको स्वास्थ्य विमा गराएर संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्न स्वास्थ्य बिमा कार्यक्रममा सहभागिताको प्रस्ताव पारितका लागि पेश गर्दछु ।

**७) स्वास्थ्य कार्ड मार्फत छुट सुविधा**:

संस्थामा नियमित कारोबार गर्ने सदस्यहरूलाई मनमोहन अस्पताल, पाथिभरा डेण्टल, एनआरएलमा ल्याब सेवा, चिमरिया क्लिनिक कालिस्थान, शनिश्चरे डाईग्नोष्टिक सेण्टर लगायतसँग समन्वय गरि १० देखि ३० प्रतिशत सम्म छुटको व्यवस्था गरेका छौं, जसका लागि संस्थाबाट निःशुल्क स्वास्थ्यकार्ड लिनका लागि पनि अनुरोध गर्दछु ।

**८) सदस्यता सहित स्वागत कार्यक्रम**

संस्थाको कार्यक्षेत्रमा अन्य ठाउँबाट बसाईँसरी आउने तथा यस कार्यक्षेत्रमा सदस्यको बुहारीको रूपमा भित्रिने बुहारिलाई  संस्थाको तर्फबाट रू. ५०० को शेयर रकम सहितको सदस्यता प्रस्तावना पत्र प्रदान गरिनेछ । जसका लागि टोल समिति सँग समन्वय गरि सदस्यता प्रदान गरिनेछ ।

**९) जन्म देखि मृत्युपर्यन्त आबद्धको साथ**:

विगतकेहि बर्षदेखि सुरू भएको **जन्म देखि मृत्युपर्यन्त आबद्धको साथ कार्यक्रम** सञ्चालन अन्तर्गत तपशील बमोजिम रहेको कार्यक्रमलाई परिमार्जन सहित निरन्तरताका लागियस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

**क)जन्ममा**: सदस्य सुत्केरि हुँदा रू. ५०००।- सुत्केरि भत्ता साथै अन्य सदस्यको बच्चाको नाममा मासिक न्युनतम रू. ५००/- बराबरको नानीबाबु बचतको सुरूवात संस्था बाटगरि बचत प्रोत्साहनलाई प्राथमिकता दिने छ

**ख)बाल अवस्थामा**: बालबालिकालाई सानै देखि बचत गर्ने बानीको बिकास गर्नका लागि संथाले खुत्रुके,

जन्मदिनमा केक उपहार सहित उत्कृष्ट व्याजदरका साथ नानिबाबु बचत खाता सञ्चालनमा ल्याएको छ ।

**ग) युवा अवस्थामा**

युवा स्वरोजगार तथा सिपमुलक कार्यक्रम मार्फत युवा उद्यमलाई प्रोत्साहन गरिने छ ।

**घ) बृद्ध अवस्थामा**: बृद्ध तथा एकल सदस्यहरूलाईसामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बार्षिक रू. ६०००।- तथा आबद्ध पेन्सन बचत योजना मार्फत निरन्तर सदस्यलाई सामाजिक सुरक्षाको प्रत्याभुति दिलाउन संस्था कटिबद्ध रहने छ ।

**ङ) मृत्युमा** : एकाघरका सदस्यको निधन हुँदा शव वाहन सहयोग साथमाराहतकोष मार्फत क्रिया खर्च तथा समवेदना र श्रद्धाञ्जली कार्यक्रममा संस्थाको तर्फबाट सहभागिता जनाई संस्था सदस्यसँग नजिक रहने छ ।

**च) मृत्यु पश्चात्** : सम्बन्धित बचत निरन्तर गर्ने सदस्यका परिवारलाई आजिवन पेन्सन वितरण गरिने छ ।

**छ) उपचार सुविधा** : समुहका नियमित बचत कारोबार गर्ने सदस्यहरूलाई उपचार राहतकोष कार्यविधी अनुसार रू. १५०००।- सम्म उपचार सुविधा उपलब्ध गराउँदै आईरहेको समेत जानकारि गराउँछौ, उक्त उपचार सुविधामा यस बर्षबाट सर्पले टोकेको उपचारमा समेत विलबराबरको रकम वा बढिमा रू. १५००० सम्म सहयोग गर्ने कुराको जानकारि गराउँछौ । साथै निरन्तर बचत गरि संस्थाबाट पाउने सेवासुविधा को अधिकतम लाभ लिनुहुन समेत अनुरोध गर्छौ ।

**ख) अन्य कार्य तथा योजनाहरू** :

- सदस्यहरू वा सदस्यहरूको एकाघर परिवारका सदस्यको मृत्यु हुँदा राहतकोष कार्यविधि २०७८ (पुनःलेखन) अनुसार रू. ५००० देखि १,१०,००० सम्म राहत रकम उपलब्ध गराईने छ ।
- संस्थाको कार्यक्षेत्र भित्र रहेका मठमन्दिर तथा सार्वजनिक स्थानहरूमा संस्थाले आवश्यकता अनुसार डस्टविन सौजन्य गरिनेछ ।
- सदस्य लक्षित सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम कम्तिमा ६ वटा सञ्चालन गरी सदस्यहरूलाई संस्थाका सेवा सुविधा तथा सहकारि सम्बन्धि शिक्षा प्रदान गरिन्छ ।
- कम्तिमा २ वटा लागु औषध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- त्रैमासिक रूपमा समिक्षा कार्यक्रम गरि कर्मचारिलाई नयाँ लक्ष प्रदान गर्ने तथा पुनतार्जगी गरिनेछ
- आगलागि तथा दैविक प्रकोपमा परेका सदस्य तथा विपन्न परिवारलाई बढिमा दश हजारसम्म लागि आर्थिक सहयोग गर्ने ।
- सदस्यहरूलाई उन्नतजातका सागसब्जीको विउविजन वितरण गरिने छ ।
- सदस्यहरूलाई आधारभूत सिप सगँ सम्बन्धीत तालिमहरू प्रदान गरिने छ ।
- वार्षिक रूपमा गर्दै आएका चाडबाड बिशेष कार्यक्रमलाई निरन्तरता दिईने छ ।

आदरणिय शेयर सदस्य महानुभावहरू

अब संस्थाको यस एघारौ साधारणसभाबाट आवश्यक निर्णयहरू गर्नकालागि तपशिलका प्रस्ताबहरू पेश गर्दछु ।

१ सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

२ आ.व. २०७९/८० को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

३ आ.व. २०७९/८० को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

४. अन्य कोषहरूको रकम जगेडा कोषमा स्थानान्तरण गर्ने सम्बन्धमा ।

मुनाफा वितरणबाट विभिन्नकोषहरूमा गएको रकमबाट बर्षभर खर्च भई बाँकी रहेको संरक्षित पुँजी फिर्ताकोष लगायत अन्य सार्न मिल्ने कोषहरूमा रहेको रकम जगेडाकोषमा सार्ने

५. संस्थाको आगामी आ.व. २०८०/८१ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन/पारित गर्ने सम्बन्धमा ।

६. आ.व.२०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
आगामी आ.व. २०८०/०८१ का लागि लेखा परीक्षण गराउनका लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने कुराको निर्णय गर्नका लागि प्रस्ताव पेश गर्दछु ।

७. कार्यविधि हरू स्विकृत गर्ने, अनुमोदन गर्ने, तथा संसोधन गर्ने सम्बन्धमा ।

| स्विकृत गर्नुपर्ने कार्यविधीहरू : | अनुमोदन गर्नुपर्ने कार्यविधीहरू | संसोधन गर्नुपर्ने कार्यविधीहरू |
|---|---|---|
| साधारणसभा सञ्चालन सम्बन्धि कार्यविधी, | मोबाईल बैकिंग सञ्चालन कार्यावधी | कर्जा नीति तथा कार्यविधी २०७६ |
| सदस्यता कार्यविधी | सम्पती सुद्धिकरण निवारण कार्यविधी | कर्मचारी सेवा विनियमावली २०७६ |
| निवार्चन सम्बन्धि कार्यविधी | कर्मचारि हितकोष सञ्चालन कार्यविधी | |
| | आर्थिक प्रशाषन कार्यविधी | |

८ निर्णय पुस्तिकामा हस्ताक्षर गरि निर्णय गर्नको लागि शेयर सदस्यहरू मध्येबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

९. शेयर सदस्यज्युहरू लाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
संस्थाले आ.ब २०७९/०८० को खुद मुनाफाबाट विभिन्न कोषमा वितरण भएपश्चात शेयर लाभांश कोषबाट १४ प्रतिशतका दरले शेयर सदस्यहरूलाई लाभांश (बोनस) वितरण गर्ने साथै संस्थाले अधिकतम प्रतिफल दिने नितिलाई निरन्तरता दिने पनि यस सम्मानित सभामा गराउन चाहन्छु ।

१०. संस्थाको विनियम २०६९ पुनःलेखन सम्बन्धमा ।
संस्थाको विनियम २०६९ लाई सहकारि ऐन २०७४ विनियामली २०७५ प्रदेश सहकारि ऐन २०७५ नियमावली, स्थानीय सहकारि ऐन तथा विभागका निर्देशन बमोजिम समयसापेक्ष बनाउन विनियम पुनःलेखन गर्नका लागि ३ सदस्यि समिति निर्माणका लागि प्रस्ताव पेश गर्दछु ।

११ विविध ।
संस्थाको कार्यक्षेत्र लाइ समेत कार्यक्षेत्र बनाई कार्य गरिरहेको थोक उपभोक्ता विशिष्टिकृत संघ कोशी प्रदेशको सदस्यता लिनका लागि यस संस्थालाइ पत्रचार भए बमोजिम सदस्यता लिन उपयुक्त देखिएकोले सदस्यताका लिनका लागि निर्णय पारित गरियोस भनि प्रस्ताव पेश गर्दछु ।

सम्मानित सदस्य महानुभावहरू :

अब हामी यस आर्थिक वर्षसम्ममा संस्थाले गरेको प्रगति विवरण र आगामी लक्ष्य निम्न अनुसार राखेका छौं ।

**२०७९/०८० को प्रगति विवरण र आगामि आर्थिक वर्ष २०८०/०८१ का लागि लक्ष्य**

| विवरण | याथार्थ | प्रस्तावित |
|---|---|---|
| **पुजी तथा दायित्व** | | |
| शेयर प्जी | २,७१,६०,३००.०० | ३,१५,९९,०००।०० |
| कोष हिसाव | ४२,८०,२६,६४.४० | ५,०८,००,०००.०० |
| निक्षेप | १४,७४,१९,६०६.९६ | १७,३७,५१,२०७.०० |
| बाहिरी ऋण | २,८१,०७,३५६.९५ | २,००,००,०००.०० |
| चालु दायित्व हिसाब | ४२,२०,४२४.०० | ३६,९०,०००.०० |
| अन्य  दायित्व | ८३,३५,७९७.६७ | ८०,८२,०००.०० |
| आवितरिक मुनाफा | | १,३३,९३,७९३.०० |
| **कुल पुँजी तथा दायित्व** | २५,८०,४६,१४९.९८ | ३०,१३,१६,०००.०० |
| सम्पति | | |
| नगद हिसाब | ४,९१,५३४ | ४,४५,०००.०० |
| बैंक हिसाब | ४,२९,५०,६८२.७१ | ४,७०,४५,०००.०० |
| लगानी | ४,२४,७०० | ६,२५,०००.०० |
| ऋण र कर्जा | २०,४६,९६,१००.९५ | २४,०५,७६,०००.०० |
| पाउनुपर्ने हिसाब र आग्रिम भुक्तानी | ७३,०१,३६३.४६ | ९५,२५,०००.०० |
| स्थिर सम्पति | १४,५८,९७१.०० | २०,७५,०००.०० |
| अन्य सम्पति | ७२२७९७।८६ | १०,२५,००० |
| कूल सम्पति | २५,८०,४६,१४९.९८ | ३०,१३,१६,०००.०० |

उपस्थित महानुभावहरू,

अब हामी आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तावित वार्षिक आर्थिक क्रियाकलापबाट निम्नानुसारको आम्दानी खर्च हुने अनुमानलाई यहाँहरू समक्ष अनुमोदनका निम्ति पेश गर्न चाहन्छौं ।

| विवरण | यस बर्ष (२०७७।७८) | प्रस्तावित | विवरण | यस बर्ष (२०७७।७८) | प्रस्तावित |
|---|---|---|---|---|---|
| **वित्तिय खर्च** | | | **वित्तिय आम्दानी** | | |
| बाह्य कर्जामा ब्याज तथा कर्जा सेवा शुल्क | ५,८०८,१२७।०० | ४,०१७,५०८।०० | ब्याज तथा हर्जना प्राप्त | ३०,५५३,४८०।०० | ३४,०५५,६०७।०० |
| बचतमा ब्याज | ९,८०३,१२७।०० | १२,४४१,०००।०० | बैंक ब्याज आम्दानी | १६८२४४५।६१ | ३,०२३,१९७।०० |
| **क) जम्मा वित्तिय खर्च** | **१५,६११,२५४।००** | **१६,४५८,५०८।००** | लगानीबाट प्राप्त प्रतिफल | ४९,६७४।८९ | ४९,६७४।८९ |
| कर्मचारि तलब भत्ता | ४,११४,६५३।३१ | ५,३२६,६३१।०० | **क) जम्मा वित्तिय आम्दानी** | **३२,२८५,६००।५०** | **३७,१२८,४७८।८९** |
| कर्मचारि उपदान/सञ्चयकोष खर्च | २६२,४९६।६८ | ३९९,१६६।०४ | **गैर वित्तिय आम्दानी** | | |
| **ख) जम्मा कर्मचारि खर्च** | **४,३७७,१४९।९९** | **५,७२५,७९७।०४** | रेमिटयान्स कमिसन | १६९१२७।५६ | **१६९,१२७।५६** |
| **ढुवानी खर्च** | **१००।००** | **१,०००।००** | विमा कमिसन | ६२६४२।६४ | ६२,६४२।६४ |
| **सञ्चालक बैठक भत्ता** | **१०६,३००।००** | **१६२,०००।००** | आवेदन शुल्क | १७७००।०० | १७,७००।०० |
| **साधारण सभा खर्च** | **३२४,८२८।००** | **४००,०००।००** | बैकं जम्मा आम्दानी | ३२६५५।०० | ३२,६५५।०० |
| **सहकारि शिक्षा तथा तालिम खर्च** | **५,०२५।००** | **८०,०००।००** | विविध आम्दानी | ९३३१२४।५३ | १०११०००।०० |
| **सामाजिक गतिविधि** | | | खराब ऋण व्यवस्था आम्दानी | २९९६४९१।०० | ०।०० |
| - चाडपर्व खर्च | ७३,७५०।०० | ९३,०००।०० | **ख) जम्मा गैर वित्तिय आम्दानी** | **४२११७४०।७३** | **१२९३१२५।२०** |
| -सामाजिक खर्च | ११,३९०।०० | २५,०००।०० | **ग) प्रबेश शुल्क** | **१०७,८००।००** | **१३५,५५०।००** |
| - शव वाहान तथा समवेदना खर्च | ११,०००।०० | २२,०००।०० | **घ) कर्जा व्यवस्थापन शुल्क** | **२,४३१,०३०।००** | **२,२८६,३९०।००** |
| -स्वास्थ्य सिविर खर्च | ५२,४५५।०० | ५२,४५५।०० | | | |
| **जम्मा सामाजिक गतिविधि खर्च** | **१४८,५९५।००** | **१९२,४५५।००** | जम्मा आम्दानी (क+ख+ग+घ) | **३९,०३६,१७१।२३** | **४०,८४३,५४४।०९** |
| **कार्यलय सञ्चालन खर्च** | | | | | |
| - कार्यलय भाडा खर्च | ३७९,५९३।०० | ४२२,००० | | | |
| - नविकरण तथा सदस्यता,दस्तुर शुल्क | २९,२८८।०० | २१०,००० | | | |
| - स्टेशनरि तथा मसलनन्द खर्च | ३१८,३६५।८४ | ४२०,९११ | | | |
| - मर्मत तथा सम्भार खर्च | १९,३४१।९४ | ३९,५०० | | | |
| - ईन्धन तथा यातायात खर्च | ६५,७००।०० | ८५,००० | | | |
| - विद्युत खर्च | ८८,१२२।०० | ११०,००० | | | |
| - नास्ता, पानी, सरसफाई तथा क्लोजिङ | १६,८५५।०० | २०,००० | | | |
| - टेलिफोन तथा सञ्चार खर्च | ११८,९८०।६८ | १४०,००० | | | |
| - अतिथि सत्कार खर्च | ६२,७०५।०० | ८३,९९५।०० | | | |
| - अन्य सञ्चालन खर्च | ३५०,५८१।४४ | १७६,१११।०० | | | |
| -लेखा परिक्षण शुल्क | ५०,०००।०० | १६०,०००।०० | | | |
| -बैक सेवा शुल्क तथा दस्तुर | २८,५७९।६८ | ३९,२००।०० | | | |
| -आयकर खर्च | ६३५,६५८।१६ | ७००,०००।०० | | | |
| **जम्मा कार्यलय सञ्चालन खर्च** | **२,१६३,७७०।७४** | **२,६०६,७१७।००** | | | |
| **लक्ष्य समिक्षा बैठक खर्च** | | **१६०,०००।००** | | | |
| **प्रवर्धन, प्रोत्साहन तथा बिज्ञापन खर्च** | **८६,३२०।००** | **६३,३२०।००** | | | |
| **कर्जा निरिक्षण खर्च** | **१०,५००।००** | **३६,०००।००** | | | |
| **ग) जम्मा संचालन खर्च** | **२,८४५,४३८।७४** | **३,५४१,४९२।००** | | | |
| खराब कर्जा व्यवस्था खर्च | ३,५७०,६४५।०० | १,१४३,९५४।०५ | | | |
| सम्पतिमा ह्रासकट्टि खर्च | ५६६,८५९।०० | ५८०,०००।०० | | | |
| **घ) गैर नगद खर्च** | **४,१३७,५०४।००** | **१,७२३,९५४।०५** | | | |
| **जम्मा खर्च (क+ख+ग+घ)** | **२६,९७१,३४६।७३** | **२७,४४९,७५१।०९** | | | |
| नाफा | १२,०६४,८२४।५० | १३,३९३,७९३।०० | | | |
| **कुल खर्च** | **३९,०३६,१७१।२३** | **४०,८४३,५४४।०९** | जम्मा आम्दानी (क+ख+ग+घ) | ३९,०३६,१७१।२३ | ४०,८४३,५४४।०९ |

आगामी वर्ष पनि लक्ष्य अनुसार सफल बन्नको लागि यहाँहरुको थप सहयोग र एकताको अपेक्षा गर्दै यस विषयमा हुने छलफलका लागि पुनः उपस्थित हुने बाचा गर्दै यो प्रतिवेदन यही अन्त्य गर्दछु ।

"जय सहकारी"

नन्दमान भट्टराई (नरेश)
अध्यक्ष
आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-५, झापा

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com
NEFSCUN
आबद्ध
बचत तथा ऋण सहकारी संस्था लि.
AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

**११ औं वार्षिक साधारण सभा २०८० साल मंसिर १८ गते सोमबार**

**लेखा समितिको प्रतिवेदन**

आदरणीय यस संस्थाको एघारौं औं साधारणसभाका सभापति महोदय,
आमन्त्रित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, समिति तथा उप-समितिका पदाधिकारी ज्यूहरू, सल्लाहकार महोदय, पत्रकार साथीहरू तथा सम्पूर्ण उपस्थित शेयर सदस्यज्यूहरू तथा कर्मचारी साथीहरू।

सर्वप्रथम आबद्धबचत तथा ऋण सहकारी संस्थाको एघारौं वार्षिक साधारण सभाको शोभा बढाइ दिन पाल्नु भएकोमा सम्पूर्ण महानुभावहरू प्रति म यस संस्थाको लेखा समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिकताका साथ आभार व्यक्त गर्दै स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय महानुभावहरू,
संचालक समितिको तर्फबाट संगठित तथा आर्थिक प्रतिवेदनबाट यहाँहरूले संस्थाको प्रगति बारे जानकारी प्राप्त गरी सक्नु भएकाले संस्थाको विनिमय बमोजिम साधारण सभा प्रति उत्तरदायी रहने लेखा समितिको तर्फबाट संस्थाको वार्षिक साधारण सभामा लेखा प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१ संस्थाको हिसाब किताब दोहोरो लेखा प्रणाली अनुसार राखिएको पाइयो ।

२ संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, नगद मौज्दात, बैंक मौज्दातको कारोबारलाई वेबबेसमा आधारित सफ्टवेयर फिनास्त्रमा कारोबार राखेको पाइयो । साथै कम्प्युटरबाट हुने विभिन्न जोखिमलाई मध्यनजर गरी दिनभरको कारोबारलाई कम्प्युटर,मा साथै अयिगममा समेत Backupराखी अध्यावधिक (Updates) गर्दै सुरक्षितका साथ राखिएको पाइयो ।

३ संस्थाको चार खाता लगायत अन्य सम्पूर्ण हरहिसाबहरू कम्प्युटराइज गरिएको पाइयो।

४ संस्थाले दिनभरी कारोबार गरेको सम्पूर्ण भौचरहरू तयार पारी सहायक खाताहरूमा जाने रकम प्रविष्टि गरिएको र उक्त दिनको मौज्दात रहेको नगद मौज्दात रजिष्टरमा चेक लिष्ट तयार पारी व्यवस्थापकबाट प्रमाणित गराई बुझाउने र बुझिलिने गरेको पाइएको छ ।

संस्थामा रहेका बही खाता, श्रेस्ता, अभिलेख आदी भरपर्दो प्रभावका साथै समितिको निर्णय र लेखा समितिले बेला-बेला दिएको निर्देशनहरूको आधारमा तयार रहेको छ । संस्थाको पूर्ण लेखा प्रतिवेदन, शेयरधनी मह( ानुभावहरूले पाउनु नै भएको छ । लेखा समितिको हैसियतले नियमन सम्बन्धी मापदण्ड २०६९ बमोजिम म वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अनुसुची-२
लेखा समितिको वार्षिक प्रतिवेदन
आ.व. २०७९/०८०

१) सहकारी संस्थाको नाम, ठेगाना :
आबद्धबचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

यस आ.ब.मा बसेकोबैठक संख्या : २४ पटक
निर्णयहरूसर्वसम्मत भएको र निर्णयको कार्यान्वयन प्रभावकारी रहेको पाईयो ।

३) ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :
ऋण लगानी प्रक्रियागत तथा जमानी सुरक्षण वा धितो सम्बन्धी व्यवस्था पनि भएको पाईयो ।

४) सहकारी विभागबाट जारी गरिएको मापदण्डहरूको पालना र सम्बन्धी संक्षिप्त विवरण :
सहकारी ऐन २०७४ र सहकारी विनिमावली २०७५ अनुसार नै यस सहकारीबाट नियमहरू पालना भएको पाइयो ।

५) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :
यस आर्थिक वर्षमा सहकारि विभाग तथा प्रदेश सहकारि रजिष्ट्रर तथा सहकारि प्रशिक्षणको कार्यालय प्रदेश नं. १ बाटभएका निर्देशनहरूको कार्यन्वयन भईरहेको पाईयो । साथै विर्तामोड नगरपालिका सहकारी शाखा, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, नेफ्स्कुन तथा नियामक निकायमा समय समयमा बुझाउनुपर्ने प्रतिवेदनहरू बुझाएको पाइयो ।

६) पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

६.१ पारिश्रमिक : लिएको पाइएन ।

६.२ भत्ता : बैठक भत्तामासिक नियमित बैठकमा प्रति सञ्चालक सदस्य रू १००० का दरले बैठक भत्ता लिएको पाइयो । नियमित बैठकमा व्यवस्थापकले समेत नियमित बैठकमा प्रति बैठक रू १००० का दरले बैठक भत्ता लिएको पाइयो । सेवाकेन्द्र सञ्चालक समिति पदाधिकारीले मासिक रू. ५०० का दरले बैठक भत्ता लिएको पाइयो । बैठक भत्ता तोकिएको समय भित्र उपस्थित हुने सञ्चालकले मात्र पाउने व्यवस्था रहेको पाईयो ।

६.३ अन्य सुविधाहरू : लिएको पाइएन ।

७) कर्मचारी प्रशासनसम्बन्धी व्यवस्थाहरू :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको ।
- भएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको ।
- ल्याईएको

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको/नभएको
- भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको

७.४कार्यरत कर्मचारीहरू र कार्यबोझ बिच तादस्यता रहेको/नरहेष्को
- समन्वय रहेको

७.५ कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या
१) करार : १ २) अस्थायी : ६ ३) स्थायी : ९ जना

८) लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :
यस आ.व. मा धरे सुझावहरू कार्यान्वयन भएको र केहि सुझावहरू आशिंक कार्यान्वयन भएको पाइयो ।

९) संस्थाबाट हुने सम्पुर्ण खर्चहरूको बिल भरपाई अनुसार नै खर्च भएको र बिल भरपाइ सुरक्षित राखेको पाईयो ।

१०) संस्थाबाट हुने खर्चहरूमा रू २०००/- सम्म व्यवस्थापक बाट, २००० देखि माथि रू ३०,०००/-सम्म आर्थिक समिति बाट र सो भन्दा माथि सञ्चालक समितिको निर्णय भई डाक बढाबढ (कोटेशन) प्रक्रिया द्वारा आर्थिक समिति मार्फत पारदर्शी तरिकाले खर्च हुने गरेको पाईयो ।

लेखा समिति
संयोजक : सिर्जना खतिवडा
सदस्य : सहनलाल राजवंशी
सदस्य : गोपाल चौहान

H.N.Upreti & Associates'
REGISTERED AUDITOR
Birtamode 5 Jhapa

ICAN COP No.: 1505
ICAN MEM. NO.: 4159
PAN No.: 300995066

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**सदस्य महानुभावहरु समक्ष प्रस्तुत**
**वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन**

**लेखापरीक्षकको राय**

हामीले आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.को यसै साथ संलग्न २०८० आषाढ ३१ को वित्तीय अवस्थाको विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सानको विवरण, नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरुको आधारमा माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८० आषाढ ३१ को वित्तिय अवस्था, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान, नगद प्रवाह, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानुन तथा व्यवस्था बमोजिम समग्रमा यथार्थ र उचित चित्रण गर्दछ।

**लेखापरीक्षकको रायका आधार**

हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं। ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको पेशागत आचारसंहिता बमोजिम हामी लेखापरीक्षण गरिएको संस्था सँग स्वतन्त्र छौं र हामीले सो आचारसंहिता बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं। हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरु, हाम्रो रायलाई पर्याप्त तथा उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**वित्तीय विवरणहरु उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्वः**

संस्थालाई प्रभावकारी लेखामान अनुसार वित्तीय विवरणहरुको यथार्थ र उचित चित्रण गर्ने, सारभूत रुपमा जालसाजी वा गल्तीबाट हुनसक्ने त्रुटी रहित वित्तीय विवरणहरुको तयारी तथा प्रस्तुतिकरण गर्ने र सो सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ।

वित्तीय विवरणहरु तयार गर्दा लेखापरीक्षण गरिने संस्थाको विघटन हुने अवस्था, संचालन बन्द हुने अवस्था वा सोको व्यवहारिक विकल्प नभएको अवस्थामा बाहेक, अविच्छिन्न रुपमा संचालनमा रहने क्षमताको निर्धारण गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय सम्प्रेषण प्रणाली र सोको निरीक्षणको जिम्मेवारी संस्थाको व्यवस्थापन र व्यवस्थापन समितिमा रहेको छ।

**वित्तीय विवरणहरुको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तर दायित्व**

वित्तीय विवरणहरु समग्रमा जालसाजी वा गल्तीबाट, सारभूत रुपमा त्रुटि रहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो ।

उचित आश्वस्तता एक उच्चस्तरीय आश्वस्तता भएतापनि लेखापरीक्षणमान अनुरुप नै लेखापरीक्षण गर्दा समेत विधमान सारभूत त्रुटीहरु पहिचान हुन्छन् भन्ने प्रत्याभुति हुदैन । गलत प्रस्तुति, जालसाजी वा गल्तीबाट उत्पन्न हुन सक्दछन् । वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई ती गलत प्रस्तुतिहरुले अलगै वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको दौरानमा पेशागत विवेक र पेशागत संशयताको प्रयोग कायम राख्दछौं । कमशः हामीले

